**Washington Poison Center (वासिङ्गटन पोइजन सेन्टर)**

## हेल्पलाइन: 1-800-222-1222

वासिङ्गटनमा विषाक्तता र लागुपदार्थ/औषधिको ओभरडोजका बारेमा चिकित्सकीय सल्लाह सुझाव प्रदान गर्ने नि:शुल्क सेवा

### विषसम्बन्धी आपत्कालीन अवस्था:

विषाक्ततासम्बन्धी आपत्कालीन अवस्थामा चिकित्सकीय सहायताका लागि Washington Poison Center को फोन नम्बर (800) 222-1222 मा फोन गर्नुहोस्। हाम्रा विशेषज्ञहरूले तपाईंलाई घरमै बस्न सुरक्षित छ कि छैन वा तपाईंलाई आकस्मिक उपचार चाहिन्छ कि चाहिँदैन भन्ने बारेमा जानकारी दिनु हुने छ। कोही व्यक्ति सास फेरिरहनुभएको छैन, बेहोस हुनुहुन्छ वा मूर्च्छा पर्नुभएको छ भने 911 मा फोन गर्नुहोस्।




### विषको परिभाषा:

विष भनेको गलत तरिकाले, गलत मात्रामा वा गलत व्यक्तिले प्रयोग गरेका खण्डमा हानिकारक हुन सक्ने कुनै पनि पदार्थ हो।

### Washington Poison Center तपाईंलाई मद्दत गर्न सदैव तयार छ:

- दिनको 24 घण्टा, हप्ताको 7 दिन खुला हुन्छ
- तालिम प्राप्त चिकित्सकीय विशेषज्ञहरूले तपाईंको फोन कल उठाउँछन्
- कल गर्दा शुल्क लाग्दैन र कलमा गरिएको कुराकानी गोप्य राखिन्छ
- नि:शुल्क दोभासे सेवा उपलब्ध छ
- सबै उमेरका व्यक्तिका लागि विषसम्बन्धी सहायता उपलब्ध छ
- गैर नाफामुखी संस्था

थप जानकारीका लागि Washington Poison Center को वेबसाइट https://www.wapc.org मा जानुहोस् वा (800) 222-1222 मा कल गर्नुहोस्

### Washington Poison Center मा कल गर्नु पर्ने सामान्य कारणहरू:

- घरेलु तथा औद्योगिक उत्पादनहरू प्रयोग गर्दा दुर्घटना भएमा
- औषधि तथा लागुपदार्थ प्रयोग गर्दा गल्ती भएमा
- जानाजान विष सेवन गरेमा
- औषधिहरू सुरक्षित रूपमा सेवन गर्ने तरिकाका बारेमा प्रश्नहरू सोध्नु परेमा
- विष सुरक्षासम्बन्धी सुझाव चाहिएमा

### हाम्रो एक मात्र चासो भनेको तपाईंको स्वास्थ्य हो:

हाम्रा विशेषज्ञहरूले तपाईंलाई के भयो, कुन पदार्थ प्रयोग गरिएको थियो, के-के लक्षणहरू देखिए र विगतका स्वास्थ्य समस्या तथा औषधोपचारका बारेमा सोध्नु हुने छ। उहाँहरूले फलो-अप सेवाका लागि तपाईंको नाम र फोन नम्बर पनि माग्नु हुने छ। उहाँहरूले आप्रवासन स्थिति वा बसाइको वैधताका बारेमा सोध्नु हुने छैन।

NEPALI

**Washington Poison Center (वासिङ्गटन पोइजन सेन्टर)**

हेल्पलाइन: 1-800-222-1222

वासिङ्गटनमा विषाक्तता र लागुपदार्थ/औषधिको ओभरडोजका बारेमा चिकित्सकीय सल्लाह सुझाव प्रदान गर्ने नि:शुल्क सेवा

विषसम्बन्धी आपत्कालीन अवस्था:

विषाक्ततासम्बन्धी आपत्कालीन अवस्थामा चिकित्सकीय सहायताका लागि Washington Poison Center को फोन नम्बर (800) 222-1222 मा फोन गर्नुहोस्। हाम्रा विशेषज्ञहरूले तपाईंलाई घरमै बस्न सुरक्षित छ कि छैन वा तपाईंलाई आकस्मिक उपचार चाहिन्छ कि चाहिँदैन भन्ने बारेमा जानकारी दिनु हुने छ। कोही व्यक्ति सास फेरिरहनुभएको छैन, बेहोस हुनुहुन्छ वा मूर्च्छा पर्नुभएको छ भने 911 मा फोन गर्नुहोस्।




विषको परिभाषा:

विष भनेको गलत तरिकाले, गलत मात्रामा वा गलत व्यक्तिले प्रयोग गरेका खण्डमा हानिकारक हुन सक्ने कुनै पनि पदार्थ हो।

Washington Poison Center तपाईंलाई मद्दत गर्न सदैव तयार छ:

- दिनको 24 घण्टा, हप्ताको 7 दिन खुला हुन्छ
- तालिम प्राप्त चिकित्सकीय विशेषज्ञहरूले तपाईंको फोन कल उठाउँछन्
- कल गर्दा शुल्क लाग्दैन र कलमा गरिएको कुराकानी गोप्य राखिन्छ
- नि:शुल्क दोभासे सेवा उपलब्ध छ
- सबै उमेरका व्यक्तिका लागि विषसम्बन्धी सहायता उपलब्ध छ
- गैर नाफामुखी संस्था

थप जानकारीका लागि Washington Poison Center को वेबसाइट https://www.wapc.org मा जानुहोस् वा (800) 222-1222 मा कल गर्नुहोस्

Washington Poison Center मा कल गर्नु पर्ने सामान्य कारणहरू:

- घरेलु तथा औद्योगिक उत्पादनहरू प्रयोग गर्दा दुर्घटना भएमा
- औषधि तथा लागुपदार्थ प्रयोग गर्दा गल्ती भएमा
- जानाजान विष सेवन गरेमा
- औषधिहरू सुरक्षित रूपमा सेवन गर्ने तरिकाका बारेमा प्रश्नहरू सोध्नु परेमा
- विष सुरक्षासम्बन्धी सुझाव चाहिएमा

हाम्रो एक मात्र चासो भनेको तपाईंको स्वास्थ्य हो:

हाम्रा विशेषज्ञहरूले तपाईंलाई के भयो, कुन पदार्थ प्रयोग गरिएको थियो, के-के लक्षणहरू देखिए र विगतका स्वास्थ्य समस्या तथा औषधोपचारका बारेमा सोध्नु हुने छ। उहाँहरूले फलो-अप सेवाका लागि तपाईंको नाम र फोन नम्बर पनि माग्नु हुने छ। उहाँहरूले आप्रवासन स्थिति वा बसाइको वैधताका बारेमा सोध्नु हुने छैन।

NEPALI

# संयुक्त राज्य अमेरिकामा स्वास्थ्य सेवा

संयुक्त राज्य अमेरिकामा तपाईंको आवश्यकताका आधारमा विभिन्न तहका स्वास्थ्य सेवाहरू उपलब्ध छन्:

**प्राथमिक स्वास्थ्य सेवा प्रदायक:**

(Primary Care Doctor)

- नियमित एवं रोकथाममूलक स्वास्थ्य सेवा
- अपोइन्टमेन्ट लिनु पर्ने हुन्छ
- उदाहरणका लागि: शारीरिक जाँच, दीर्घकालीन स्वास्थ्य समस्या, खोप, स्वास्थ्य जाँच, रिफेरल

**अत्यावश्यक स्वास्थ्य सेवा:**

(Urgent Care)

- गाह्रो बनाउने तर घातक नहुने बिमारी वा स्वास्थ्य समस्याहरू
- यो सेवा उपलब्ध हुने समय स्थानअनुसार फरक हुन्छ
- उदाहरणका लागि: मर्केको, सामान्य प्र्याक्चर भएको, सानो घाउ, श्वासप्रश्वास प्रणालीको माथिल्लो भागको सङ्क्रमण, नाकको (साइनस) सङ्क्रमण, मूत्र नलीको सङ्क्रमण

**अस्पतालको आकस्मिक कक्ष:**

(Emergency Room)

- ·तुरुन्तै चिकित्सकीय सेवा चाहिने गम्भीर बिमारी वा स्वास्थ्य समस्या
- ·सामान्यतया दिनको 24 घण्टा, हप्ताको सातै दिन खुला हुन्छ
- ·उदाहरणका लागि: सास फेर्न गाह्रो हुने, छाती दुख्ने, ठूलो चोटपटक, शरीरिको दायाँ वा बायाँ भाग लाटो हुने, मूर्च्छा पर्ने, बेहोस हुने, गम्भीर बिमारी

**तपाईंले भाषासम्बन्धी सहायता र दोभासे सेवा माग्नुभयो भने तपाईंका सेवा प्रदायकले ती सेवाहरू उपलब्ध गराउनु पर्ने हुन्छ।**

कसैलाई गम्भीर चिकित्सकीय समस्याका लागि एम्बुलेन्स चाहिएमा **911 मा कल गर्नुहोस्।**

कसैलाई मानसिक स्वास्थ्य सङ्कट भइरहेको छ भने **988 मा कल गर्नुहोस्।**

विष/टक्सिनको सम्पर्कमा आएको बारेमा प्रश्नहरू सोध्न वा त्यससँग सम्बन्धित आपत्कालीन अवस्थामा मद्दत प्राप्त गर्न **(800) 222-1222 (Washington Poison Center)** मा कल गर्नुहोस्।

WASHINGTON
POISON CENTER
(800) 222 1222


# संयुक्त राज्य अमेरिकामा स्वास्थ्य सेवा

संयुक्त राज्य अमेरिकामा तपाईंको आवश्यकताका आधारमा विभिन्न तहका स्वास्थ्य सेवाहरू उपलब्ध छन्:

**प्राथमिक स्वास्थ्य सेवा प्रदायक:**

(Primary Care Doctor)

- नियमित एवं रोकथाममूलक स्वास्थ्य सेवा
- अपोइन्टमेन्ट लिनु पर्ने हुन्छ
- उदाहरणका लागि: शारीरिक जाँच, दीर्घकालीन स्वास्थ्य समस्या, खोप, स्वास्थ्य जाँच, रिफेरल

**अत्यावश्यक स्वास्थ्य सेवा:**

(Urgent Care)

- गाह्रो बनाउने तर घातक नहुने बिमारी वा स्वास्थ्य समस्याहरू
- यो सेवा उपलब्ध हुने समय स्थानअनुसार फरक हुन्छ
- उदाहरणका लागि: मर्केको, सामान्य प्र्याक्चर भएको, सानो घाउ, श्वासप्रश्वास प्रणालीको माथिल्लो भागको सङ्क्रमण, नाकको (साइनस) सङ्क्रमण, मूत्र नलीको सङ्क्रमण

**अस्पतालको आकस्मिक कक्ष:**

(Emergency Room)

- ·तुरुन्तै चिकित्सकीय सेवा चाहिने गम्भीर बिमारी वा स्वास्थ्य समस्या
- ·सामान्यतया दिनको 24 घण्टा, हप्ताको सातै दिन खुला हुन्छ
- ·उदाहरणका लागि: सास फेर्न गाह्रो हुने, छाती दुख्ने, ठूलो चोटपटक, शरीरिको दायाँ वा बायाँ भाग लाटो हुने, मूर्च्छा पर्ने, बेहोस हुने, गम्भीर बिमारी

**तपाईंले भाषासम्बन्धी सहायता र दोभासे सेवा माग्नुभयो भने तपाईंका सेवा प्रदायकले ती सेवाहरू उपलब्ध गराउनु पर्ने हुन्छ।**

कसैलाई गम्भीर चिकित्सकीय समस्याका लागि एम्बुलेन्स चाहिएमा **911 मा कल गर्नुहोस्।**

कसैलाई मानसिक स्वास्थ्य सङ्कट भइरहेको छ भने **988 मा कल गर्नुहोस्।**

विष/टक्सिनको सम्पर्कमा आएको बारेमा प्रश्नहरू सोध्न वा त्यससँग सम्बन्धित आपत्कालीन अवस्थामा मद्दत प्राप्त गर्न **(800) 222-1222 (Washington Poison Center)** मा कल गर्नुहोस्।

WASHINGTON
POISON CENTER
(800) 222 1222